# नेपाल राजपत्र

## भाग ४

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं असार २० गते २०३४ साल**

श्री ५ को सरकार

**अर्थ मन्त्रालयको**

**सूचना**

मिति २०२३।६।१८ र मिति २०३०।१०।२२ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित दुर्गम स्थान भत्ता, स्थानीय भत्ता र क्षेत्रीय भत्तासम्बन्धी यस मन्त्रालयको सूचनाहरूलाई खारेज गरेर देहायबमोजिमको स्थानीय भत्ता २०३४ साल श्रावण १ गतेदेखि लागू हुने गरी श्री ५ को सरकारले निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. निःशुल्क राशन पाउनेहरूले यी स्थानीय भत्ता पाउने छैनन् । तर शाही सेना र प्रहरीमध्ये निःशुल्क राशन पाउनेहरूले देहायको दरले स्थानीय भत्ता पाउने छन्:—

(अ) 'क' र 'ख' वर्गका ठाउँ वा जिल्लामा शुरू तलब स्केलको १५ प्रतिशतका दरले,

(आ) 'ग' वर्गका ठाउँ वा जिल्लामा शुरू तलब स्केलको १० प्रतिशतका दरले,

(इ) 'घ' वर्गका ठाउँ वा जिल्लामा शुरू तलब स्केलको ५ प्रतिशतका दरले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. शत प्रतिशत स्थानीय भत्ता पाउने ठाउँ वा जिल्लाका काम गर्ने सबै कर्मचारीहरूलाई प्रत्येक २ वर्षमा देहायबमोजिमको लुगा भत्ता दिइनेछः–

(क) राजपत्रांकितलाई रू. ५००।–

(ख) राजपत्र अनंकितलाई रू. ३५०।–

(ग) पियन वा सो सरहलाई रू. ३००।–

३. शत प्रतिशत स्थानीय भत्ता पाउने ठाउँ वा जिल्लाका काम गर्ने स्थानीय कर्मचारीले समेत शुरू तलबको शत प्रतिशत स्थानीय भत्ता पाउनेछ । तर सोभन्दा कम भत्ता पाउने ठाउँ वा जिल्लामा काम गर्ने स्थानीय कर्मचारीले भने यो भत्ता पाउने छैन ।

४. सुदूर पश्चिमाञ्चलमा पर्ने पहाडी इलाकामा काम गर्ने स्थानीय कर्मचारी बाहेक अन्य कर्मचारीलाई अन्य इलाकामा काम गर्ने कर्मचारीलाईभन्दा यो भत्तामा १० (दश) प्रतिशत थप दिइनेछ ।

५. यो सूचना लागू भएका मितिदेखि उत्तरी प्रशासन क्षेत्रसमेत स्थानीय आधारमा दिइएका अरू सबै किसिमका भत्ता खारेज गरिएको छ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | १०० प्रतिशतले पाउने (क वर्ग) | ५० प्रतिशतले पाउने (ख वर्ग) | ३५ प्रतिशतले पाउने (ग वर्ग) | २५ प्रतिशतले पाउने (घ वर्ग) |
|---|---|---|---|---|
| मेची | ताप्लेजुङ्गको धुन्सा र ओलाङचुङ्ग गोला । यसमा पर्ने पञ्चायतः– (१) ओलाङचुङ्ग गोला । | ताप्लेजुङ्गको बाँकी भाग | पाँचथर | इलाम |
| कोशी | संखुवासभाको नूमभन्दा उत्तरी इलाका । यसमा पर्ने पञ्चायतहरूः– (१) चेपुवा, (२) हेदाँना, (३) किनाथाँका, (४) सिमाजोर, (५) स्याकसिला र (६) वालुङ । | संखुवासभाको बाँकी भाग | तेह्रथुम र भोजपुर | धनकुटा |
| सगरमाथा | सोलुखुम्बुको नाम्चे सहित उत्तरको इलाका । यसमा पर्ने पञ्चायतहरूः– (१) खुमुजुङ्ग र (२) नाम्चे । | सोलुखुम्बुको बाँकी भाग | ओखलढुङ्गा र खोटाङ्ग | उदयपुर |
| जनकपुर | दोलखा जिल्लाको लामो बगर र रोल्वा–लिङ्ग सहित उत्तरी इलाका । यसमा पर्ने पञ्चायतः– (१) गोगर । | – | दोलखा जिल्लाको बाँकी इलाका र रामेछाप | सिन्धुली |
| बाग्मती | रसुवाको टिमुरे सहित उत्तरी इलाका । यसमा पर्ने पञ्चायतः– (१) टिमुरे । | – | रसुवा जिल्लाको बाँकी भाग, धादिङ्गको आँखु खोलाको उत्तर इलाका । यसमा पर्ने पञ्चायतहरूः– (१) बुढाथुम, (२) लापा, (३) फुलखर्क, (४) रि गाउँ, (५) सल्यानकोट, (६) सल्यानटार । | सिन्धुपाल्चोकको बाँकी इलाका, धादिङ्ग जिल्लाको बाँकी इलाका । |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

2३6

| | | | | |
|---|---|---|---|---|
| | | | सिन्धुपाल्चोकको फुलपिंग र सेर्माथाँग सहित उत्तरी इलाका। यसमा पर्ने पन्चायतहरू– (१) वराँचो, (२) वरुवा, (३) भोताँग, (४) विरता गोलदे, (५) गुनसा, (६) गुवा, (७) किउल, (८) लिसतीकोट, (९) महाँकाल, (१०) पाँग–ताँग, (११) फुलपिंग कट्टी, (१२) तातोपानी, (१३) धाँगपालकोट र (१४) टिमुवठंगल टिनुल ध्यागल। | |
| गण्डकी | मनाङ्ग। गोर्खाको सिर्दिवास सहित उत्तरको इलाका। यसमा पर्ने पन्चायतहरू:– (१) सिर्दिवास, (२) प्रोक, (३) लोह र (४) केरोजा। | – | लमजुङ्गको खुदी सहित उत्तर क्षेत्र। यसमा पर्ने पन्चायतहरू:– (१) वाहुन डाँडा महेन्द्रोदय, (२) श्री कालीका ताघ्री, (३) ठूलीवेसी पताँगी र (४) ठाकन फालिकादेवी। | गोरखाको बाँकी भाग, लमजुङको बाँकी भाग, कास्की, तनहुं र स्याँग्जा। |
| धवलागिरी | मुस्ताङ्ग | वागलुङ्गको ढोरपाटन क्षेत्र। यसमा पर्ने पञ्चायतहरू:– (१) वोडांग, (२) निसी, (३) हुकार्म (४) रन्मा, (५) मैकोट र (६) टकवाछी। | वाग्लुङ्गको बाँकी इलाका, पर्वत र म्याग्दी। | – |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
258

| | | | | |
|---|---|---|---|---|
| लुम्बिनी | – | – | अर्घाखाँची र गुल्मी । | पाल्पा । |
| राप्ती | – | रोल्पा र रूकुम | सल्यान र प्यूठान | दाङदेउखुरी |
| भेरी | – | जाजरकोट | दैलेख | सुर्खेत र बर्दिया |
| कर्णाली | हुम्ला । मुगू । डोल्पाको छार्का भिजेर, धौतिन्को र सालदाङ इलाका। यसमा पर्ने पञ्चायतहरू:– (१) छार्का, (२) तिन्जे, (३) सालदाङ, (४) भिजेर र (५) धौ । | डोल्पा जिल्लाको बाँकी भाग जुम्ला र कालीकोट। | – | – |
| सेती | बझाङको दौलिचौर सहित उत्तरी इलाका। यसमा पर्ने पञ्चायतहरू:– (१) दहवगर, (२) दौलिचौर, (३) काँडो र (४) धमेना। | बझाङ जिल्लाको बाँकी भाग र बाजुरा । | डोटी र अछाम | कैलाली |
| महाकाली | दार्चुलाको व्यास गर्खा। यसमा पर्ने पञ्चायत:– (१) व्यास। | दार्चुलाको बाँकी भाग। | डडेलधुरा र बैतडी | कञ्चनपुर |

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

300